


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ११ गते शनिबार ❑ 24 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## नागरिक समाज र जनप्रतिनिधिको दबाबमा खपौदमा पर्खाल भत्काइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

पोखराका नागरिक समाज र जनप्रतिनिधिले फेवातालको किनारा पखौंदीमा मापदण्ड विपरित निर्माण भएका भौतिक संरचना हटाउन पटक पटक माग गर्दै आउने क्रममा मापदण्ड विपरित निर्माण भएको केही भाग भत्काइएको छ।



डोजर सहित पोखरा महानगरपालिकाको नगर प्रहरीको साथमा नेपाल प्रहरीको सहायताले पोखराको खपौदीमा करिब ५ मिटर लम्बाईको पर्खाल भत्काइएको पोखरा महानगरका विपद व्यबस्थापन महाशाखा प्रमुख नारायण प्रसाद शर्माले बताए। पोखराका नागरिक अगुवा राम बहादुर पौडेल, गण्डकी प्रदेशका सांसद रामजी प्रसाद बराल जीबनले फेवातालको संरक्षण गर्ने जिम्मा पाएका पोखरा महानगर र जिल्ला प्रशासन कार्यालयलाई जानकारी र खबर गरेको आधारमा महानगरले बाध्य भएयर शुक्रबार अवैध रुपमा निर्माण भएको भौतिक संरचनाको केही भाग मात्र भत्काएको हो । शुक्रबार महानगरले एक ट्रक ढुंगा समेत सो क्षेत्रबाट उठाएको छ भने करिब एक सय मिटर पर्खाल मध्य करिब ५ मिटरको पर्खाल मात्र भत्काएको शर्माले जनाए। महानगरले यस अघि पनि पटक पटक फेवाताल किनारामा अवैध रुपमा निर्माण भएका भौतिक संरचना भत्काउदै आएको उनले जनाए । महानगरलाई जानकारी भएसम्म र कसैले जानकारी गराएको अबस्थामा वा उजुरी गरेका आधारमा समेत अवैध रुपमा निर्माण भएका भौतिक संरचना महानगरले भत्काउने भएको विपद व्यबस्थापन महाशाखा प्रमुख शर्माले बताए । स्थानियले अदालतको स्टे अडर छ भनी मापदण्ड विपरितको भौतिक संरचना भत्काउन गएको टोलीलाई अबरोध सृजना गरे पछि हाल थोरै भाग मात्र भत्कायर हाल छाडिएको बताएका शर्माले स्टे अडर आएको बिषयमा पछि पछि बुझेर मात्र थप कारवाही अघि बढाउने भएको उनले बताए । डोजर सहित नगर प्रहरी, वडा प्रहरी कार्यालय बैदामको टोली समेत अवैध रुपमा निर्माण भएको भौतिक संरचना हटाउन गएकोमा स्थानियसंगको भनाभन र धकेलाधकेलको बाबजुत केही भाग मात्र भत्कायर महानगरको टोली फर्किएको हो।

शुक्रबार विहान करिब ११:०० बजे अवैध रुपमा निर्माण भएको मापदण्ड भत्काउने महानगरले पूर्व जानकारी गराए अनुसार स्थानियहरु एक जुट भएर बसेको अबस्थामा नागरिक अगुवा राम बहादुर पौडेललाई घेरामा पारी आफ्नो जग्गामा संरचना बनाउने बिषयमा वोलेको भन्दै गाली गलौच गरेका थिए। पौडेल माथि खनिएका स्थानियले पहिला ड्यामसाइडबाटै मापदण्ड विपति निर्माण भएका भौतिक संरचना भत्काउदै आएमा आफुहरुले खपौंदीमा निर्माण भएको संरचना आफै भत्काउने जग्गा धनि खगराज शर्मा आचार्यले बताए । उनका छोरा बिजयराज आचार्यले आफुहरुसंग उत्त क्षेत्रमा करिब ११ रोपनी जग्गा भएको आफुहरुले सौन्दर्यकरणका निम्ति हाल केही भागमा पर्खाल लगाएको बताए । डोजरै लगायर पर्खाल भत्काउने भए पछि जग्गा धनि सुते आचार्य सहितका स्थानिय डोजरमै बसेर आफुहरुको जग्गामा कसैले जवर जस्ती गर्न नहुने बताए।

स्थानिय डोजरमै बसे पछि केही समय प्रहरी र स्थानिय बिच भनाभनको साथमा धकेला धकेल समेत भएको थियो । जग्गा धनिले पोखरा महानगरमा जग्गा संरक्षण गरी फेवाताल सौन्दर्यकरण गरी पाँउ भनेर गत मंसिर २९ गते निवेदन दिएका थिए यद्यपी महानगरले संरचना निर्माणको अनुमति दिएको पत्रमा देखिदैन्। नागरिक अगुवा पौडेलले फेवातालको बिषयमा आवाज उठाउदा केही स्थानियले आफु माथि अप शब्द, गाली गलौच सहित अभद्र व्यवहार गरेको गुनासो गरे। फेवातालको लागि आवश्यक पर्ने जग्गा व्यत्तिको नाममा भए उनीहरुलाई उचित मुआब्जा राज्यले दिनु पर्ने उनले माग गरे । जग्गा धनिले युवा व्यवसायी दीपेस श्रेष्ठ, मनोज श्रेष्ठ, प्रबेश शाक्य सहितको टोलीलाई व्यवसायीक प्रयोजनको लागि उक्त जग्गा भाडामा दिएको आचार्य परिवारले जनाएको छ । यस बिषयमा गत शनिबार गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल (जीबन) ले अवैध रुपमा निर्माण भएको भौतिक संरचनाको बिषयमा पोखराका मेयर मानबहादुर जिसी, कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, पोखराका नागरिक अगुवा राम बहादुर पौडेल, फेवाताल चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्यप्रसाद पौडेल लगायतलाई जानकारी गराएका थिए।

मुलुकी देवानी संहिता २०७४ मा उल्लेख भए अनुसार कसैले सार्वजनिक र सरकारी वा समुदायिक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागि कुनै संरचना बनाउन हुदैन्। यदि कसैले सरकारी, सार्वजनिक वा सामुदायिक जग्गामा कुनै संरचना बनाउन लागेमा समबन्धित प्रमुख जिल्ला अधिकारी वा स्थानिय तहले त्यस्तो कार्य तुरुन्त रोक्नु पर्ने प्राब्धान रहेको छ। फेवातालको क्षेत्रफल ५ दशमवल ७ सय २६ वर्ग किलोमिटर अर्थात ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा भएको फेवातालको चारकिल्ला निर्धारण, सीमाङ्कन तथा नक्साङ्कन समितिले जनाएको छ।

## अन्नपूर्ण प्रथम आरोही श्रेष्ठलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

फोटो पत्रकार तथा हिमाल आरोही पूर्णिमा श्रेष्ठलाई पोखराका फोटो पत्रकारले सम्मान गरेका छन्।

अन्नपूर्ण प्रथम आरोहण गरेर इतिहास रच्दै समग्र फोटो पत्रकारको गौरव बढाउन योगदान गरेको भन्दै फोटो पत्रकार संघ, कास्की र फोटो पत्रकार महासंघ गण्डकी प्रदेशद्वारा शुक्रबार संयुक्त रुपमा आयोजित कार्यक्रममा उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्रद्वारा सम्मान गरिएको हो। कारोबार राष्ट्रिय दैनिक र न्यूयोर्क टाइम्समा फोटो पत्रकारका रुपमा काम गर्दै आएकी श्रेष्ठ अन्नपूर्ण प्रथम आरोहण गर्ने प्रथम नेपाली महिला हुनुहुन्छ। पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, पर्यटन बोर्डका पूर्वसदस्य अग्नि कँडेल, फोटो पत्रकार, कास्कीका अध्यक्ष प्रदीप पौडेल, गण्डकीका अध्यक्ष राम गुरुङले उनलाई संयुक्त रुपमा सम्मान गरेका हुन्।

सो अवसरमा पर्यटन व्यवसायी भट्टराईले महिला र त्यसमाथि पनि फोटो पत्रकार भएर हिमाललाई नजिकबाट दृश्यावलोकन गर्दा नेपालको पर्यटन क्षेत्र विश्व बजारमा अझ प्रचार भएको बताए। नेपाल पर्यटन बोर्डका पूर्वसदस्य अग्नि कँडेलले राज्यले सम्मान गर्न नसकेका बेला फोटो पत्रकारले राष्ट्रको गहनालाई सम्मान गरेको भन्दै प्रशंसा गरे । फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष पौडेलले पत्रकारहरू अरुको फोटो खिच्ने र समाचार लेख्ने मात्रै नभई आफैं समाचारको विषय बन्ने गरी कीर्तिमान राख्न पनि सक्षम छन् भन्ने कुरा श्रेष्ठले प्रमाणित गरेको धारणा राखे। संघ गण्डकीका अध्यक्ष राम गुरुङले श्रेष्ठले राखेको कीर्तिमानले समग्र फोटो पत्रकारको गौरव भएको उल्लेख गरे । सम्मानित व्यक्तित्व श्रेष्ठले शुरुमा फोटो पत्रकार बन्न सामान्य क्यामेरा किन्न पनि धौ धौ परेको अनुभव सुनाउँदै अरुले हिमाल चढेको सुन्दा त्यसको फोटो खिच्दै प्रकृतिसँग रमाउने धोको आफ्नो मनमा पनि रहेको बताए।

अन्नपूर्णसँगै सगरमाथा, आमादब्लम र मनासलु गरी चार हिमाल चढिसकेकी उनले अब धौलागिरि चढ्ने रहर भएको बताए । कार्यक्रममा फोटो पत्रकार संघ, गण्डकी प्रदेशका महासचिव कृष्णमणि बराल, कास्की सचिव दुर्गा पौडेल, पर्यटन व्यवसायी टीकाराम सापकोटा, पत्रकार सागरराज तिमिल्सिना, नारायण आचार्य, इन्द्र पौडेल, घनश्याम पौडेल, सुरज श्रेष्ठ, युनिश गुरुङ, प्रेम थापालगायतले फोटो पत्रकार हरूको इज्जत पूर्णिमा श्रेष्ठको कीर्तिमानले थपिएको धारणा राखे। आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम आरोहणका दृष्टिले निकै नै जोखिमपूर्ण मानिन्छ । आरोहण समूहमा पूर्णिमा श्रेष्ठ, माया शेर्पा, शर्मिला तामाङ, पासाङ ल्यामु शेर्पा, दावा याङ्जेन शेर्पा, दावाफुटी शेर्पा रहनुभएका थिए । उनीहरूले गत शुक्रबार दिउँसो १.३० बजे अन्नपूर्ण प्रथमको सफल आरोहण गरेका थिए।

अन्नपूर्ण प्रथम आरोहणका लागि कठिन भएका कारण अहिले करिब २५० जना आरोहण गरिसकेका छन्। योवर्ष मात्रै ६७ जनाले सफल आरोहण गरेका छन् । अहिलेसम्म २४ महिलाले आरोहण गरेका छन् भने योवर्ष मात्रै नेपाली ६ जना र विदेशी ६ जनाले सफल आरोहण गरेका छन् । फ्रान्सेली नागरिक मौरिस हर्जोग र लुई म्याकेननले ७० वर्ष पहिले अन्नपूर्ण चुचुरोमा पहिलो मानव पाइला टेकेका थिए । उनीहरुले सन् १९५० को जुन ३ तारिख अर्थात् वि.सं. २००७ जेठ २१ गते अन्नपूर्ण प्रथमको सफल आरोहण गरेका थिए।

## एमाले महाधिवेशन आयोजक कमिटी सदस्यको कार्यविभाजन

**रासस**
**काठमाडौं, १० बैशाख**

नेकपा (एमाले)ले १०औँ राष्ट्रिय महाविधेशन आयोजक कमिटी सदस्यको कार्यविभाजन गरेको छ। प्रधानमन्त्री निवास वालुवाटारमा शुक्रबार बसेको आयोजक कमिटीको बैठकले कमिटीका सदस्यको कार्यविभाजन बाँडफाँड गरेको हो।

दुई सय ६५ आयोजक कमिटीका सदस्यको कार्यविभाजन गरिएको हो । वरिष्ठ नेता माधवकुमार नेपाल र झलनाथ खनाल पक्षका नेताहरुको भने कार्यविभाजन गरिएको छैन। नयाँ कार्यविभाजनअनुसार पार्टी अध्यक्ष केपी शर्मा ओली पार्टी स्कुल विभाग प्रमुख, महासचिव ईश्वर पोखरेल केन्द्रीय कार्यालय प्रमुख र सहइन्चार्ज उपत्यका विशेष कमिटी, विष्णुप्रसाद पौडेललाई सङ्गठन विभाग प्रमुख र अर्थ तथा योजना विभाग प्रमख तोकिएको छ। यस्तै नेकपा (माओवादी केन्द्र) बाट एमालेमा प्रवेश गरेका गृहमन्त्री रामबहादुर थापालाई वाग्मती प्रदेशको इन्चार्ज र राष्ट्रिय सुरक्षा प्रवर्द्धन विभागको प्रमुख, लेखराज भट्टलाई सुदूरपश्चिम प्रदेश इन्चार्जको जिम्मेवारीसँगै उद्योग तथा वाणिज्य विभाग प्रमुख, नेपाल उद्योग व्यवसाय महासंघको इन्चार्ज तोकिएको छ।

यस्तै प्रभु साह सहरी विकास विभागको प्रमुख, पेशागत महासंघ नेपाल इन्चार्ज र नेपाल बुद्धिजीवी परिषद् इन्चार्ज तथा टोपबहादुर रायमाझीले मोर्चा संगठनको इन्चार्जको जिम्मेवारी पाएका छन्।

प्रदीपकुमार ज्ञवाली प्रवक्ता तथा प्रचार तथा प्रकाशन विभाग प्रमुख, सुभास नेम्बाङ प्रदेश नं. १ को इन्चार्ज र संसदीय विभाग प्रमुख, डा राजन भट्टराई विदेश विभाग प्रमुख र प्रवास क्षेत्र इन्चार्ज, विष्णु रिजाललाई विदेश विभाग उपप्रमुख, अग्निप्रसाद खरेल निर्वाचन विभाग प्रमुख र विष्णुप्रसाद रिमाललाई आर्थिक विभाग प्रमुख तथा नेपाल ट्रेड युनियन महासंघ इन्चार्जको जिम्मेवारी तोकिएको छ। सूर्य थापा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सुनचाँदी गहना निर्माण तालिमको उद्घाटन

### गरगहना निर्माणमा महिलालाई पनि सहभागिता गराउनुपर्ने मन्त्री पुन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

नेपाल सुनचादी व्यवसायी महासंघ गण्डकी प्रदेशको आयोजना र गण्डकी प्रदेश समाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा सुनचाँदीका गहना बनाउने तालिम पोखरामा उद्घाटन गरिएको छ।




नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशका सभापति चन्द्रकिशोर गौतमको अध्यक्षमा गण्डकी प्रदेश सामाजिक विकास मन्त्री नरदेवी पुनको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन कार्यत्रममा मन्त्री पुनले सिकाईले नै जीवन बनाउन सकिन्छ त्यसमाथी सुनचाँदी र यसबाट बन्ने गरगहनाले हामी सम्पन्न देखिन्छौं। मान्छेको चाहना पनि भौतिक निर्माणले सम्पन्न हुनु हो । तर सुसंस्कृत समाज, सभ्य नागरिक निर्माण गर्न सकिएन भने समृद्ध राष्ट्र निर्माण गर्न नसकिने बताइन। साथै उनले सुन र यसका गरगहना निर्माणमा महिलालाई लगाउन सकिएमा प्रत्यक्ष आर्थिक समृद्धिसँग महिला जोडिन्छन् र सबै खाले विभेदको अत्य हुन्छ र समुन्नत समाजको निर्माण हुने बताइन। कार्यक्रममा विशेष अतिथि महासंघका अध्यक्ष माणिकरत्न शाक्यले हामी सहकार्य गरेर यो व्यवसायको विकास गर्न चाहन्छौं सुनचाँदी व्यवसायमा नयाँ पिडी उत्पादन भइरहेको अवस्थामा सरकारको पुरानो ढाँचाले हुदैन। सिप विकास, आयात निर्यातमा राज्यको निति सरल हुनुपर्छ र नयाँनयाँ प्रविधिमा कालीगढ र व्यवसायी जोडिनु पर्ने बताए।

महासंघको निवर्तमान अध्यक्ष मोहन सुनारले विदेशी कालीगढबाट वर्षेनी अर्वौ रुपैया बाहिरिने अवस्थाबाट मुक्त पाउन यो तालिम संचालन कोशेढुंगा सावित हुने बताउदै सिप र कलाका पारखी कालिगढको विकासमा सरकारको लगानी आवश्यक छ। तिनै तहका सरकारबाट नितिगत रुपमा निर्णय होस तवमात्र गहना संस्कृतिको संरक्षण हुन्छ। महासंघका उपाध्यक्ष विपिन रामुदामुले कुनैपनि पेशामा सिपको महत्व हुन्छ भने हाम्रो पेशाको मुटु नै सिप हो। सिपबाट नै युवाहरुलाई रोजगारीमा जोड्न सकिने बताए। कार्यक्रमका सभापति चन्द्र किशोर गौतमले सदियौदेखि संचालित यो व्यवसायमा राज्यको लगानीबाट प्रत्यक्ष रुपमा पहिलो पटक शिल्पकारी समुदायका भगत सर्वजितको नाममा सरकारले सिप विकास कार्यक्रम मार्फत प्राप्त १४ लाख ९६ हजार रुपैयाबाट यस गण्डकी प्रदेशमा ४० जना नवयुवाहरुलाई तालिम दिइ दक्ष कालिगढका रुपमा उत्पादन गरी यस क्षेत्रमा लाग्ने र युवालाई स्वरोजगार राख्ने र विदेश पलायन हुनबाट रोक्ने योजनाका साथ अगाडि बढेको जानकारी गराउदै उनले सिप विकासमा योगदान दिने विचार राख्ने सवै पक्षलाई धन्यवाद व्यक्त गरेका थिए।

कार्यक्रममा उपाध्यक्ष दुर्गाबहादुर सुनार, विश्वकर्मा समाजका अध्यक्ष गणेश बराइली, महासंघका सदस्य निर्मल दियाली, नवलपुर जिल्ला अध्यक्ष गोविन्द सुनार, स्वर्णकार कल्याण समितिका अध्यक्ष सुरेन्द्र विश्वकर्मा, उपसभापति जिवन विश्वकर्मा लगायतले पेशागत हितको बारेमा बोलेका थिए।

साथै सो अवसरमा नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशद्धारा प्रकाशित २०७८ सालको भित्ते पात्रो मन्त्री पुनले लोकापर्ण गरिएको कार्यक्रमको संचालन सचिव रविन विश्वकर्माले गरेका थिए।



# पोखराका १० होटल पुरस्कृत

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

पश्चिमाञ्चल होटल संघ पोखराले जाउँ है पोखरा अभियान अन्तर्गत यसपटकको नयाँ बर्षमा पाहुनाबाट क्यूआर कोड मार्फत् होटलको विल भुक्तानी प्राप्त गरेका १० उत्कृष्ट होटलहरुलाई शुक्रबार पुरस्कृत गरेको छ।



क्युआर कोड मार्फत् होटलको विल भुक्तानी गर्ने पाहुनालाई संघ अन्तर्गतका होटलले यसपटक गत चैत ३१ र यही बैशाख १ गते ४० प्रतिशत छुट प्रदान गरेको संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए। नगद छोडौं फोन पे गरौं भन्ने नाराका साथ संघ र फोन पे प्रालिले आपसी सहकार्य गर्दै डिजिटल भुक्तानी प्रणालीलाई प्रबर्द्धन गरेको अध्यक्ष तुलाचनले सुनाए। यसका लागि संघले यो नयाँ बर्ष जाउँ है पोखरा भन्ने नारा दिएको थियो।

कार्यक्रम अन्तर्गत प्रथम हुने एक होटललाई ५० हजार रुपैयाँ, द्वितीय हुने २ होटललाई २० हजार रुपैयाँ र तृतीय हुने सात होटललाई पाँच हजार रुपैयाँका दरले पुरस्कृत गरिएको थियो। जस अन्तर्गत टिका रिसोट प्रालि प्रथम, द कुटी रिसोर्ट र होटल डेण्डेलिन द्वितीय तथा चौतारी बुटिक होटल, होटल लेक सोर, होटल भिलेज इन, होटल क्राउन हिमालयज, फिस्टेल लज, टेम्पल ट्री रिसोर्ट र होटल बाराहीलाई एक कार्यक्रमका विच पुरस्कारवापतको चेक हस्तान्तरण गरिएको थियो। फोन पे प्रा.लि. सँग आवद्ध ५५ बैंक तथा वित्तीय संस्थाको संजाललाई उपयोग गरी होटलको विल क्यु आर कोड मार्फत् भएको कारोबार संख्याको आधारमा ती होटल पुरस्कृत भएका हुन्। सो अवसरमा बोल्दै तुलाचनले सुसुप्त अवस्थामा रहेको पर्यटनलाई पुनःजागरण गराउन छुट तथा सहुलियत प्रदान गरी आन्तरिक पर्यटकहरुको आकर्षण वृद्धि गर्ने, नेपाल राष्ट्र बैंकको नगद रहित कारोवारलाई प्रवर्द्धन गरी प्रविधि तर्फ उन्मुख गराउने, बढ्दो कोभिड संक्रमणलाई न्यूनिकरण गर्न र होटल संचालन कार्यविधिमा निर्दिस्ट रहेको स्वास्थ्य सुरक्षा मापदण्ड अनुरुप नगद भुक्तानी कार्यलाई निरुत्साहित गर्ने अभियानको मुख्य उद्धेश्य रहेको जानकारी गराए।

कार्यक्रममा बोल्दै टिका रिसोर्ट प्रालिकी संचालिका संगीता पौडेलले पुरस्कार प्राप्त हुँदा गौरवको महसुस भएको भन्दै केही रुपमा भने पनि पर्यटन अगाडि बढिरहेको छ है भन्ने सन्देश पोखरा आएर पाहुनाले क्युआर कोड मार्फत् गरेको भुक्तानीले दिएको बताइन्। सो अवसरमा संघका प्रथम उपाध्यक्ष लक्ष्मण सुबेदीले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको संचालन संघका महासचिव गणेशराज पहारीले गरेका थिए।

अध्यक्ष तुलाचनले सरकारद्वारा गत आश्विन १५ गतेबाट होटल तथा पर्यटन क्षेत्र संचालन गर्ने अनुमति प्रदान गरेता पनि राष्ट्रिय तथा अन्तरोष्ट्रिय जगतमा पुन : कोभिडको दोस्रो लहर सुरु भएको कारणले थप आक्रान्त बन्न गई पर्यटन आगमन नगण्य रहेको बताए। यस विषम परिस्थितिमा पर्यटन तथा होटल क्षेत्र थप मर्माहत भई रहेको स्थितिमा पर्यटन तथा होटल व्यवसायलाई पुनर्जिवन दिलाउन दिगो पर्यटन विकासको लागि आन्तरिक पर्यटन मात्र विकल्प रहेको हालको परिस्थितिमा संघले नेपालका पुर्वी, पश्चिम र दक्षिण क्षेत्रका प्रमुख शहरहरुमा जाउँ है पोखरा पर्यटन प्रवर्द्धन अभियान सम्पन्न गरिसकेको जानकारी पनि उनले सो अवसरमा गराए।

यसै गरी यस पश्चिमाञ्चल होटल संघ पोखराले विगतका वर्षहरु झै नेपाली नयाँ वर्षको अवसरमा "फेवा नव वर्ष महोत्सव" आयोजना गर्दै आइरहेको स्थितिमा कोभिड १९ को महामारीका कारण गत वर्ष र यस वर्ष गरी २ वर्ष महोत्सव आयोजना गर्न असमर्थ रहेको स्मरण पनि गराएको छ।

# राजन एण्ड ब्रदर्शद्धारा सहारा एकेडेमीलाई सहयोग हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

पोखराको राजन एण्ड ब्रदर्शले सहारा क्लव पोखराले संचालन गर्दै आएको सहारा एकेडेमीका बालकहरुलाई ट्र्याकसुटको साथमा फुटवल सहयोग हस्तान्तरण गरेको छ।

बर्दशले शनिबार पोखरा १७ मा रहेको सहारा एकेडेमेको अवलोकन गर्दै २६ थान ट्र्याकसुट र १० थान बल सहयोग हस्तान्तरण गरेको क्लवले जनाएको छ।

राजन एण्ड व्रदर्श एवं हालै सम्पन्न भएको फुटसव प्रतियोगिता संयोजक आशिष क्षेत्री, सदस्यद्वय ओम गुरुङ र अर्विन गुरुङ, स्पोर्टस क्यासलका सञ्चालक एवं पूर्व राष्ट्रिय खेलाडी चन्द्र गुरुङ 'इस्वर' लगायतले सहारा क्लवका अध्यक्ष केशव बहादुर थापा, क्लवका पूर्व अध्यक्ष विरभद्र आचार्य लगायतलाई उक्त खेल पोशाक एवं खेल सामाग्रि सहयोग हस्तान्तरण गरेका हुन्।

पोखरामा गत चैत १०-१२ गते सम्म स्पोर्टस क्यासलमा सञ्चालन भएको सवैभन्दा ठूलो पुरस्कार राशीबाट वचत रकमले एकेडेमीका बालकहरुलाई सहयोग गरिएको प्रतियोगिताका संयोजक क्षेत्रीले बताए। खेल क्षेत्रबाट बचत रकम खेल क्षेत्रमा लाग्ने क्लवमा आश्रित बालकहरुको लागि गरिएको उनले जनाए। सहारा एकेडेमीमा विभिन्न १४ जिल्लाका विपन्न वर्गका २४ जना बालकहरु रहेका छन्। सहारा एकेडेमीमा प्राविधिक कारणशव पुग्न नसकेका संस्थाका अध्यक्ष राजन गुरुङले आगामी दिनमा सहारा क्लवलाई सहयोग गर्ने वचन दिएका छन्।

# पोखरामा पहिलोपटक आयोजना गरिएको ग्राण्ड डायमण्ड मेला सकियो

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

कञ्चन क्यापिटल प्रालिको आयोजनामा नयाँ वर्षको अवसर पारी गत आइतबारदेखि गण्डकी प्रदेशमै पहिलोपटक सुरु भएको ग्राण्ड डायमण्ड मेला शुक्रबार सम्पन्न भएको छ।

पोखरा-३, तेर्सापट्टीस्थित पञ्चरत्न आभूषण प्रालिमा मेला सुरु भएको हो। मेलामा हिराका विभिन्न गरगहनासहितको स्टल राखिएको थियो। वैशाख १० गतेसम्म सञ्चालन हुने मेलामा आउने ग्राहकका लागि १ लाख रुपैयाँसम्म ३० प्रतिशत र १ लाख भन्दा माथिको खरिदमा ४० प्रतिशतसम्म छुट राखिएको थियो।



कञ्चन क्यापिटल प्रालिका अध्यक्ष विमल गुभाजूले मेलामा ग्राहकको उपस्थिति उत्साहजनक रहेको बताउँदै मेलालाई आगामी दिनमा पनि निरन्तरता दिने सोंच बनाएको बताए।

हिराका गरगहनाप्रति ग्राहकको आकर्षण बढेको भन्दै अध्यक्ष गुभाजूले मेलाले हिराका गरगहनाको कारोबारलाई थप टेवा पुग्ने विश्वास लिएको बताए। पञ्चरत्न आभूषण प्रालिका सञ्चालक सोभितमान बुद्धाचार्यले मेलामा ग्राहकहरूको उपस्थितिले आफूहरू उत्साहित भएको बताए।

पहिलोपटक मेलाको आयोजना गर्दा ग्राहकको राम्रो प्रतिक्रिया पाएको बताउँदै उनले समग्रमा मेला सफल भएको उल्लेख गरे। मेलालाई क्रिस कञ्चन ज्वेलरी प्रालि र कञ्चन ज्वेलर्स प्रालिको साथ रहेको थियो भने मेलाका पार्टनरहरूमा कञ्चन पीएम ज्वेलर्स प्रालि, कञ्चन आभूषण प्रालि, बुद्धाचार्य आभूषण प्रालि, कञ्चन सिल्भर प्रालि र बज्राचार्य आभूषण सेन्टर प्रालि रहेका थिए।

# पृथ्वी दिवसका अवसरमा हाइकिङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

पृथ्वी दिवसका अवसरमा ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घको आयोजनामा बिहीबार कुभिण्डे-उल्लेरी-भुम्दी-खाडेखोला हाइकिङ गरिएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धन एवं पोखरा महानगरपालिका-२२ को सहयोगमा आयोजित हाइकिङमा ट्रेकिङ एजेन्सिज सञ्चालन गर्दै आएकाव्यवसायी, सञ्चारकर्मीसहित ४५ जनाको सहभागिता रहेको टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका प्रथम उपाध्यक्ष धर्मराज पन्थीले जानकारी दिनुभयो। कार्यक्रम संयोजक गोपालकृष्ण सङ्ग्रौलाका अनुसार पोखरा आसपासमा रहेर पनि ओझेलमा परेका पदयात्रा क्षेत्रको अध्ययन, अनुसन्धान, प्रवर्द्धन एवं बजारीकरण गर्ने उद्देश्यका साथ नयाँ वर्ष २०७८ एवं विश्व पृथ्वी दिवसका अवसरमा एक दिवसीय हाइकिङ आयोजना गरिएको हो।

हाइकिङका अवसरमा उल्लेरीस्थित मुखिया चौतारी र भुम्दी टुनार घरबासमा छुट्टाछुट्टै आयोजित कार्यक्रममा टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले पोखरा नजिकै रहेर पनि सम्भावना बोकेका गन्तव्यको प्रवर्द्धनलाई सङ्घले प्राथमिकतामा राखेको बताए।

कार्यक्रममा टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका सचिव मिलन तिवारी, भुम्दी टुनार घरवासका अध्यक्ष नानीमाया गुरुङ, उल्लेरीगाउँ सुधार समितिका अध्यक्ष गणेशबहादुर गुरुङ, थाप्ले टाइगर हिलका अध्यक्ष मानसिंह गुरुङलगायतले पदयात्रा पर्यटनका माध्यमबाट गाउँमा सञ्चालित घरबासमा पर्यटकको आगमन बढाउन सहयोग गर्न आग्रह गरे।

# पार्टी ह्विप उलङ्घन गर्नेलाई कारवाही

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

सत्तारुढ नेकपा (एमाले)को सम्पन्न दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको दोस्रो बैठकले कर्णाली प्रदेशसभामा पार्टीको ह्विप उल्लङ्घन गरी नेकपा (माओवादी केन्द्र) का मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिने चार प्रदेशसभा सदस्यलाई पार्टी सदस्य र प्रदेशसभा सदस्य नरहने गरी कारवाही गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीका अध्यक्षतामा भएको बैठकले प्रदेशसभासद् प्रकाश ज्वाला, अमरबहादुर थापा, नन्दसिंह बुढा र कुर्मराज शाहीलाई निष्काशन गरेको पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए। निजहरु प्रदेशसभा सदस्य नरहेको जानकारी प्रदेशसभालाई जानकारी गराइनेछ। बैठकले स्थायी कमिटीमा हेरफेर गरी तत्कालका लागि १९ जनालाई स्थायी कमिटी सदस्य कायम गरेको छ। पार्टीविरोधी गतिविधिमा संलग्न थप नेतालाई सोधिएको स्पष्टीकरण र प्राप्त जवाफबारे पनि बैठकमा छलफल भएको थियो।

प्रतिनिधिसभामा रहेका २७ नेतामाथि सोधिएको स्पष्टीकरणबारे अध्ययन गरी निर्णय गर्ने जिम्मेवारी स्थायी कमिटीलाई दिइएको छ। यसअघि निलम्बन गरिएका नेता माधवकुमार नेपाल, भीमबहादुर रावल, घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डेलगायतलाई स्थायी कमिटीको सूचीबाट हटाइएको तथा नेकपा (माओवादी केन्द्र)बाट प्रवेश गर्नुभएका रामबहादुर थापालगायतलाई समावेश गरिएको छ। समानान्तर गतिविधिमा रहेका नेताहरु फर्किएमा जिम्मेवारी दिइने भएको छ। बैठकले केन्द्रीय कमिटीका सदस्यको कार्यविभाजन गरेको छ। अध्यक्ष ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन र महासचिव ईश्वर पोखरेलले प्रस्तुत गरेको साङ्गठनिक प्रतिवेदनमाथि प्राप्त सुझाव ग्रहण गरी एकीकृतरुप दिइएको छ। बैठकले समसामयिक विषयमा ११ बुँदे प्रस्ताव पारित गरेको छ। ती प्रस्तावमा पार्टीमा समानान्तर गतिविधि रोकेर पार्टी एकताको मूल प्रवाहमा फर्कन आग्रह गर्दै जनप्रतिनिधिलाई उम्मेदारी दिने पार्टी र आफूलाई मत दिने जनताको सम्मान गर्न आग्रह गरेको छ।

मूल प्रवाहमा फर्कने नेता - कार्यकर्तालाई सम्मानका साथ उचित जिम्मेवारी दिइने प्रवक्ता ज्ञवालीले जानकारी दिए। उहाँले पार्टी एकता र आन्दोलनको रक्षाका लागि वार्ता र सहमतिको पहल भइरहेकाले थप नेतालाई कडा कारबाही गर्नु नपरोस् भन्ने आफूहरुको चाहना रहेको स्पष्ट गरे।

## एमाले...

प्रचार तथा प्रकाशन विभाग उपप्रमुख र प्रेस चौतारी नेपालको इन्चार्ज तोकिनु भएको छ। यसअघि प्रेस चौतारीको इन्चार्ज राजेन्द्रप्रसाद गौतम तोकिनु भएको थियो। गौतम प्रदेश नं १ को सहइन्चार्ज बनेका छन्। यसैगरी माधवकुमार नेपाल पक्षीय पार्टीका नेता झलनाथ खनाल, वामदेव गौतम, भीमबहादुर रावल, अष्टलक्ष्मी शाक्य, घनश्याम भुसाल, योगेश भट्टराई, भीम आचार्य, गोकर्ण विष्टले कुनै पनि जिम्मेवारी पाएका छैनन।

यस्तै पार्टी केन्द्रीय कार्यालय सचिवका जिम्मेवारी शेरबहादुर तामाङलाई दिइएको छ। यसअघि उक्त सचिवको जिम्मेवारी ईश्वरी रिजाललाई दिइएको थियो। अहिले रिजाललाई स्कुल विभाग सचिवको जिम्मेवारी दिइएको छ।


नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो। त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग







कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ऐतिहासिक राजाको चौतारा शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख

पोखरा महानगरपालिका-३२ राजाको चौतारामा रहेको मेल-मिलाप र सह-अस्तित्वको ऐतिहासिकस्थल 'राजाको चौतारा' पुनःनिर्माण गरिने भएको छ।

चौताराको एक कार्यक्रमबीच शुक्रबार नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाले शिलान्यास गर्नुभयो । विगतमा यसै ठाउँमा एउटा ठूलो समीको रुख रहेको र त्यस रुखमुनी, खरको सानो झुपडीमा माटोको पानीको घडा रहेको, नेपाल देश (काठमाडौँ)बाट पोखरा आउने जाने बटुवा यही बाटो हुँदै थकाई मेट्न यसै चौतारोमा आएर बस्ने किंवदन्ती समेतका आधारमा यहाँको गरिमा र महत्व रहँदै आएको छ।

वर्तमान अवस्थामा समीको रुख पनि नहुनु, चौतारो साँघुरिदै जानु र यसको नाम पनि फेरिँदै जानु र यसको महत्व घट्दै जानुलगायत विविध कारणले यसको गरिमा र महत्व हराउँदै गएको वास्तविकतामा यसको पुनःनिर्माण गर्न लागिएको हो । इतिहासअनुसार नेपालको पूर्वपश्चिम मूल बाटोमा पर्ने यही राजाको चौतारा भएर काठमाडौंबाट पश्चिमतिर जुम्ला र किल्ला काँगडासम्मको लस्कर चल्थ्यो । यसैगरी, पूर्वपश्चिमबाट दक्षिण हालको तनहुँ भीमादतिर जाने हुलाकको बाटो पनि यहीँबाट छुट्टिन्थ्यो । अतःहुलाकका जाँचकीले यही चौतारामा बसेर हुलाक जाँच्ने र हुलाकीले हुलाक साट्ने गर्दथे । तत्कालिन कास्कीका राजा शिव शाहको पालामा कास्कीको मालमूलमा शान्ति सम्झौताको लागि बाह्र राजाको भेट हुँदा त्यसको स्मारक स्वरूप चिनेको चौतारा भएकाले यस चौताराको राजाको चौतारा नाम रहेको उल्लेख छ । शिलान्यास कार्यक्रममा प्रधान सेनापति थापाले शान्तिपूर्ण सम्झौताको ऐतिहासिक स्थलका रूपमा रहेको यस चौतारोलाई जोगाउनु नै राष्ट्र भक्तिको भावना रहेको उल्लेख गर्नुभयो । पुर्खाले गरेको राष्ट्र भक्तिका साथै हाम्रो संस्कृति र परम्परा जोगाउनुपर्नेमा जोड दिँदै उहाँले चौतारोको संरक्षणले पर्यटन प्रवर्द्धनका साथै यो शान्ति र सहअस्तित्वको प्रतिकका रूपमा स्थापित हुनेमा जोड दिनुभयो ।

संस्कृतिविद् एवम् राष्ट्रिय प्रज्ञा पतिष्ठानका उपकुलपति जगमान गुरुङले वर्तमान नेपालको शान्ति र सह अस्तित्वको शुरुआत यसै राजाको चौताराबाट शुरु भएको बताउँदै इतिहासको अध्ययन गर्दै त्यसबाट स्वाभिमानको पाठ सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो । राजाको चौतारा शान्ति, सम्झौता र सहअस्तित्वको प्रतिक भएको उल्लेख गर्दै उहाँले यो कुनै सामन्ती शासकको निशाना नभएको स्पष्ट पार्नुभयो ।

रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले ऐतिहासिक पृष्ठभूमि बोकेको यस चौतारालाई जोगाउनु र नेपालका परम्परा एवम् ऐतिहासिक स्थलको खोजी गर्नुपर्नेधारणाराख्नुभयो।कार्यक्रममा पोखरा महानगरपालिका-३२, का वडाध्यक्ष अक्कलबहादुर कार्की, पुनःनिर्माण समितिका सदस्य एवम् वडा सदस्य विष्णु तिवारी, समितिका संयोजक सूर्य पौडेललगायतले यसको महत्वबारे प्रकाश पार्नुभयो ।

करीब रु ४० लाखको लागतमा पुनःनिर्माण हुने राजाको चौतारा ब्रह्मरुपा माध्यमिक विद्यालयको परिसरभित्र अवस्थित करीब एक रोपनी क्षेत्रमा फैलिएको छ । चौतारालाई पुनःनिमार्णमा ऐतिहासिक राजाको झल्को आउने शालिक, चौतारोको व्यवस्थापन, बटुवा बस्ने टहरो, पानीको घडा, बगैँचासहितको पार्क निर्माणका साथै र शान्तिको प्रतिक झल्कने स्तम्भलाई नेपाली सेनाको भगवती दल गण फुलवारी कास्कीले करीब एक महिनाभित्र काम सम्पन्न गरिने जनाइएको छ।

# लाग्छ, श्रम गर्ने मान्छे कहिल्यै सानो हुदैन र पेशा कुनै पनि सानो ठुलो भन्ने हुदैन

युवराज खनाल



यस्तो लाग्छ भोगाई दुनियाको सबैभन्दा ठुलो पाठशाला हो । त्यसैले पनि भनिन्छ कि मानिस पढेर जान्दछ कि त परेर। कयौं बिकसित मुलुकहरूमा अग्रजहरुको भोगाई र अनुभवलाई शिक्षाको रुपमा लिने गरिन्छ। मलाई यस्तो लाग्छ , जिन्दगीले जे जति भोग्यो सिक्नकै लागि भोग्यो । कतै हुण्डरीयर कतै उछिटिएर त कतै टाँगिएर भोगाईका बिभिन्न रुपहरुमा नराम्ररी ठोक्किएर सिक्यो। अझैसम्म पनि निरन्तर जे सिक्नु थियो सिकिरहेको छ।

गहिरिएर विश्लेषण गर्ने हो भने भोगाईको अबिछिन्न श्रृंखललाले नै मान्छेलाई स्पात बनाउदो रहेछ। सङ्घर्ष केवल खाना र नानाको लागिमात्रै मात्रै गरिन्न, जीवनमा । जिन्दगीका यावत् पक्षमा क्रमशः बढ्दो उमेरसँगै सङ्घर्ष पनि बढ्दै जादोरहेछ्न।

तर सोच्नुपर्ने चाहिँ यही छ, जीवनमा कतिसम्म सङ्घर्षको मैदानबाट पार लाग्ने ? हुनत कति ठाउँ जितिएला, कति ठाउँ हारिएला। अलिकति आध्यात्मिक पाराले भन्ने हो भने जीवन एउटा गजबको खेल हो कर्मको भेल हो। चाहेर जित्न नसकिएला अथवा नचाहेरै पनि हारिएला , बस - संघर्ष जारी पर्दोरहेछ , भन्ने जिवन दर्शनको पर्याय बनेको छु।

यस्तो लाग्छ , दुनियाँमा निजि स्वार्थ शब्द नै शब्दकोषबाट सबैले हटाउन सक्नु पर्छ। जब हामीसग भएको स्वार्थ भन्ने शब्द नै हामीले डिलिट गर्न सक्ने हो भने एउटा बिल्कुल नयाँ संसारको परिकल्पना सहित त्याग तपस्या बलिदानि र संघर्षको मैदानमा हाम फाल्दा धन सम्पत्ति निजि सम्पत्तिको केही अबशेष पनि हामिमा हुदैनहोला। बर्ग बिहिन सामाजको कल्पना बल्ल गर्न सकिने थियो जस्तो लाग्छ।

थोरै जिवनका भोगाइका अनेक बिश्रृंखलित क्षणहरुमा पौठेजोरी खेली यो जीवन बित्यो र बित्दै छ। बिस्वस्त थिए त्यहीँ बिस्वासका साथ अगाडि बढेका थियौँ। तर परिस्थिति कोल्टे फेर्यो उहीँ अवस्था रहेन भनेको लक्ष्य अनुसार उपलब्धि हासिल हुन सकेन। दुख चाहेर गर्ने कुरा पनि थिएन चाहेर रोकिने कुरा पनि थिएन सबै परिस्थितिले सिर्जना गर्ने रहेछ।

जिवन मा परिवर्तन ल्याउन मेरा लागि हर हिसाबले झोला कुम्ला बोकी हिड्न प्रदेशिन बाहेक केही बिकल्प थिएन। नयाँ जीवन ब्याबस्थापनको लागि फेरी अर्को जिवन सघर्स गर्नु थियो। जिवन युद्ध र सामाजीक युद्ध फरक कुरा थिए। तयारि त होइन उराठ लाग्दो अबस्था देखेर कल्पना गर्न सक्ने अबस्था पनि थिएन। हजुरबुवाका पालादेखिको रिण मेरालागि थाप्लोमा थुपारी सकिएको थियो । कहाँ जाने ? के गर्ने ? जागीर खादै गर्दा जागीर छोडियो काम धाम सिकाउने आमा बाउ छोडियो गाउघर छोडियो सात समुन्द्र पार गरियो। भारिभर्कममा छ कहाँ के गर्ने के नगर्ने लामो सुस्केरा हाल्दै हाम काहा जाएका वाउ जि भन्ने उखान जस्तो भयो जिवन बास्तबमा। रुने पीडा पोख्ने सुनाउने कोहि थिएन। निक्कै अत्यास लाग्दो उराठ लाग्दो जिन्दगीको मोडमा आईएको थियो।

त्यो क्षण सुनाउन लायक नै लाग्दैन । स्कुल फि तिर्न लुकि छिपी दाउरा बेचेको । भैसिको खाटी दूध अरुलाई दिएर मागेको मोहि सग आटो निलेको , बारिका गेमारा उखु बेचेर मट्टीतेल किनेको। कहिले नभएर त कहिलेकाहीँ केही न केही परिवर्तन गरौं भन्ने सोचले रातमा निन्द्रा नै नपरी चिन्ताले पिरोलिरहयो के गरौ ? कहाँ जाउ ? कसरी ब्यवस्थापन गरौ ? जसले गर्न सिकयो , बाच्न सिकायो रुन सिकायो अनि हास्न सिकायो।

हुने खाने कयौं साथीसंगिहरुका तिखा ब्यङ्ग्य सजिलै कानमा ठोकिन्थे जान्थे र पनि दिल खोलेर पचाउनुको बिकल्प थिएन। श्रम गर्ने मान्छे कहिल्यै सानो हुदैन र पेशा कुनै पनि सानो ठुलो भन्ने हुदैन । सानो भनेको त मान्छेको बुझाई हो जिवनमा सिकेको ज्ञान यहि थियो र सबै कामको अनुभव लिए। यहि दर्शनले नेपाल फर्केर सानो ब्यबसाय गर्न पनि कुनै संकोच मनमा आएन। यस्तो लाग्दछ , गरिबीले संघर्ष सिकायो संघर्षले स्पात हुन सिकायो भने समस्याले सामाधान सिकायो । यस्तै यस्तै सिकाइका बिचमा जिन्दगी रुमल्लीरहयो र रुमल्लीरहेकै छ निरन्तर । यी सबै भोगाइहरुले अनुभवको डायरी भरिएको छ।

यहि नै जीवन जिउने गतिलो माध्याम बनेको छ। अहिले पनि कछाड बाधेर डालोमा केरा बेच्ने , कित्लीमा दुध लिएर बजार तिर दौडने , डोकोमा घाँस बोकेर हिड्नेहरुलाई देख्दा आफ्नै याद आउँछ । म ति गाउँले दुख गरेर आफ्नो जीवन जिउने मेरा जस्तै जिन्दगीका दर्पण छाया देखिरहेको हुन्छु। अनि भन्छु आखिर जीवन यस्तै रहेछ , सघर्स , सघर्ससैमा अन्तिम अबस्थामा पुग्ने रहेछ । अनि थाहै नपाई सन्सार बाट बिदा लिने छ।

# बागलुङका अधिकांश स्थानीय सरकार दमकलविहीन

-खेमराज गौतम
बागलुङ, १० बैशाख

गत मङ्सिर १६ गते बागलुङ बजारको अस्मिता कपास उद्योगमा आगलागी भयो । आगलागी हुँनासाथ बजारको दमकललाई खबर गरियो । तर आगो दन्किरह्यो, दमकल भने आएन । आगलागीबाट कपास उद्योग पुरै जलेर लाखौँको क्षति भयो। त्यसबखत नगरपालिकाको दमकल बिग्रिएर आउन नसकेको नगरपालिकाले जानकारी दियो । दश स्थानीय तह भएको बागलुङमा एकमात्रै दमकल हुँदा समस्या भएको छ।

गत चैतमा मात्रै बागलुङ बजारमा तीन ठूला आगलागीका घटना भए। बजारको ग्रिल एण्ड चिल रेष्टुराँमा आगलागी हुदा १२ लाखको क्षति भयो भने सिर्जना फर्निचरमा आगलागी हुँदा छिमकको दुई घरमा समेत क्षति पुर्‍यायो। फर्निचरमा लागेको आगलागी नियन्त्रणमा लिन नगरपालिकाको दमकलले नसकेपछि पर्वतको कुस्मा नगरपालिका र म्याग्दीको बेनी नगरपालिकाको दमकलसमेत झिकाइयो। त्यसलगत्तै बागलुङ बजारको मुख्य चोकमा रहेको श्रेष्ठ हार्डवयरमा आगलागी हुँदा रु ३० लाख बढीको क्षति भयो । हार्डवयर पसलको आगलागी नियन्त्रणमा समेत नगरपालिकाको दमकलको पानीले नपुग्दा पुनःपानी ल्याउन जानुपर्ने अवस्था आएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । गलकोट, ढोरपाटन, जैमिनी नगरपालिका, काठेखोला, ताराखोला,निसिखोला,तमानखोला, बढीगाड र बरेङ गाउँपालिकामा दमकल छैनन्। पछिल्लो समय बागलुङमा आगलागीका घटना बढ्दै गए पनि स्थानीय तहले दमकल खरिदमा चासो दिएका छैनन् । जिल्लाको दोस्रो ठूलो शहरका रुपमा रहेको ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिवाङ, गलकोट बजार, खर्बाङ, कुस्मिशेरा, अक्षेते र बरेङ बजारमा आगलागी भएमा आगलागी नियन्त्रणमामा निकै समस्या छ । स्थानीय सरकारले विकास निर्माणका लागि डोजर खरीद गर्नु राम्रो भए पनि एम्बुलेन्स र दमकल अपरिहार्य भएको अधिकारकर्मी राम शर्माले बताउनुभयो। "सडक बन्द हुँदा डोजर चाहिन्छ, अहिले विकास निर्माण गर्न डोजर नचाहिने कुरै भएन तर स्थानीय तहको ध्यान दमकल, एम्बुलेन्स जस्ता अत्यावश्यक सवारी खरीद गर्नुपर्दछ", शर्माले भन्नुभयो, "हैन भने स्थानीय सरकारको दायित्वभित्र रहेको जनताको जीउधनको सुरक्षाको जिम्मा कसले लिने ?" आगलागी नियन्त्रणका लागि अत्यन्तै आवश्यक रहेको दमकल बजेट विनियोजन गरेर स्थानीय तहले खरीद गर्दा ठूलो जनधनको क्षति हुनबाट रोक्न सकिने जिल्ला समन्वय समिति बागलुङका प्रमुख राजेन्द्र ढुङ्गानाले बताउनुभयो । दमकल भएको बागलुङ नगरपालिकामा पनि जनशक्तिलगायतका कारण तत्काल आगलागी नियन्त्रणमा समस्या देखिने गरेको छ । बागलुङमा चार नगरपालिका र छ गाउँपालिकाका मुख्य बजार क्षेत्रमा दमकल पुग्नसक्ने सडक सञ्जाल छ । अहिलेसम्म दमकलको आवश्यकता महशुस नभएको काठेखोला गाउँपालिकाले जनाएको छ। स्रोत र साधनको अभावसँगै गाउँपालिकाभर दमकल पुग्ने सडक नभएका कारण खरीद गर्ने योजना नरहेकोकाठेखोलागाउँपालिकाका अध्यक्ष अम्मरबहादुर थापाले बताउनुभयो । अन्य स्थानीय तहमा आगलागी हुँदा बागलुङ नगरपालिकाको दमकल गुहार्नुपर्ने अवस्था छ । आगलागीका घटनामा अन्य स्थानीय तहलाई समेत सहयोग गर्दै आएको बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले बताउनुभयो।

# भारतमा कोरोना संक्रमण : संक्रमित र मृत्युको शुक्रबार नयाँ रेकर्ड

रासस
काठमाडौं, १० बैशाख

भारतमा कोरोना भाइरसको सङ्क्रमण झनै तीव्र बनेको देखिएको छ । यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले दिएका समाचारहरुमा यो सङ्क्रमणका कारण यहाँ मृत्यु हुने र नयाँ सङ्क्रमणको दरमा नयाँ रेकर्ड देखिएको छ।

शुक्रबार बिहान सार्वजनिक गरिएको एक तथ्याङ्कमा यहाँ गएको २४ घण्टायता मात्र थप तीन लाख ३२ हजारभन्दा बढी नागरिक यसका सङ्क्रमित भेटिएका छन् । यो सङ्ख्या भारतमा अहिलेसम्ममा एकै दिन देखिएको सङ्क्रमणको सबैभन्दा ठूलो सङ्ख्या भएको बताइएको छ।

त्यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार २६३ जनाको ज्यान गएको छ । यसरी कोरोना भाइरसको सङ्क्रमणकै कारण भारतमा २४ घण्टामा भएको यो मृत्यु सबैभन्दा बढी हो। यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ६२ लाखभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेका बताइएको छ। त्यसैगरी भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ८६ हजारभन्दा बढी व्यक्तिको निधन भइसकेको छ।

भारतमा यसअघि तीन लाखभन्दा केही बढी सङ्क्रमित एकै दिन भेटिएका थिए । तर बिहीबार भने तीन लाख ३२ हजारभन्दा बढी नागरिक यसका सङ्क्रमित भेटिएका हुन् । कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ। यद्यपि संयुक्त राज्यमा अमेरिका गत जनवरीमा एकै दिनमा तीन लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १३ करोड ५४ लाख ७८ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन् । कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ। भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्निक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्। भारतमा बिहीबार मात्रै १७ लाख ४० हजार ५५० जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २२ सम्म कूल २७ करोड ४४ लाख ४५ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ । दिल्लीमा कोरोना शुरु भएपछि हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार ६४० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

# शुरु भयो रोकिएको सिँचाइ आयोजनाको काम

पोखरापत्र संवाददाता
बागलुङ, १० बैशाख

कोरोना महामारीका कारण रोकिएको बागलुङको काठेखोला गाउँपालिका-५ बिहुँ दादराखोला सिँचाइ योजना दुई वर्षपछि शुरु भएको छ। यो आयोजना निर्माण भएमा काठेखोला गाउँपालिका-५ को लाम्खु, बिरौटा र ठूलढुङ्गाका खेत तथा बारीका फाँटमा सिँचाइ पुग्ने छ। बिहुँका १०० घरधुरीको झण्डै ४०० हेक्टर जमीनमा सिँचाइ पुर्‍याउनेगरी आयोजना शुरु भएको हो।

गण्डकी प्रदेश सरकारको बहुवर्षे आयोजनाअन्तर्गत अघिल्लो वर्ष विनियोजित रु १५ लाख बजेट फिर्ता भएपछि चालू वर्ष काम थालिएको उपभोक्ता समितिका अध्यक्ष भूमिश्वर कँडेलले जानकारी दिनुभयो। "कोरोना सङ्क्रमण र लकडाउनका कारण काम गर्न नसकेर बजेट फिर्ता भयो, यो वर्ष जसरी पनि काम गर्छौं", उहाँले भन्नुभयो, "बहुवर्षे कार्यक्रम भएकाले आगामी वर्ष पनि बजेट आएमा निर्माण सम्पन्न गर्न सकिन्छ ।" उपभोक्ताको १५ प्रतिशत श्रमदानसहित रु एक करोड ५० लाख लागतमा आयोजना निर्माण हुनेछ । दुई किमी लामो सिँचाइ कुलोमार्फत दादराखोलाको पानी खेतमा ल्याइने योजना उहाँले सुनाउनुभयो।

सिँचाइ अभावमा यहाँका किसानले हिउँदे तथा वर्षेखेती लगाउन पाएका थिएनन्। किसानले सिँचाइ आएपछि तरकारीखेती लगाएर आत्मनिर्भर बन्ने योजना वडाको छ। "हामीले सिँचाइ अभावमा तरकारी पनि लगाउन सकेका थिएनौँ", स्थानीय माया कँडेलले भन्नुभयो, "अब गाउँघरमै उत्पादन गरेर खर्च बचाउन सकिने भयो ।" परम्परागत कुला मासिएपछि स्थानीयले सिँचाइको समस्या झेल्दै आएका थिए।

गत वर्ष वडा कार्यालयको पहलमा आयोजनाको लागत तयार गरिएको वडाध्यक्ष शिवप्रसाद कँडेलले बताउनुभयो। "पालिकाबाट बजेट विनियोजन सम्भव नभएपछि उपभोक्ता समितिमार्फत प्रदेशको ध्यानाकर्षण गरेपछि बजेट विनियोजन भएको हो", कँडेलले भन्नुभयो, "यो आयोजना निर्माण हुँदा १०० घरपरिवारले लाभ पाउन सक्छन्।" सिँचाइ विकास डिभिजन कार्यालय बागलुङले आयोजनामा प्राविधिक सहयोग गरेको डिभिजन इञ्जिनीयर सुरेन्द्र पौडेलले जानकारी दिनुभयो। बहुवर्षे पक्की नहरसहितको कार्यक्रम भए पनि पानी चलाएर आगामी वर्षबाटै उत्पादन लिने काम गरिने किसानको योजना छ।

# स्वास्थ्य मापदण्ड पालना गर्न प्रशासनको आग्रह

रासस
काठमाडौं, १० बैशाख

जिल्ला प्रशासन कार्यालयले सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गर्न सबैलाई आग्रह गरेको छ । बिहीबार एक सूचना जारी गरी कोरोनाका कहरका कारण मापदण्ड पालना गर्न सबैमा अनुरोध गरेको हो।

मन्त्रिपरिषद्को निर्णयबमोजिम भरतपुर महानगरपालिकाभित्र रहेका शैक्षिक संस्था विद्यालय, कलेज, ट्युसन सेन्टर, तालीम केन्द्र यही वैशाख मसान्तसम्म भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधि अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्न अनुरोध गरिएको छ। यस्तै माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षाबाहेक अन्य परीक्षा सञ्चालन गर्दा आलोपालो प्रणालीअनुसार सञ्चालन गर्न, सिनेमाहल,पार्टीप्यालेस,डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शकसहितको खेलकूद र मानिसको भीड हुने अन्य सबै कार्यक्रम वैशाख मसान्तसम्म बन्द गर्न निर्देशन दिएको छ।

मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्दै नित्य पूजा, ध्यान र प्रार्थना मात्रै गर्ने गराउने, सपिङ मल, डिपार्टमेन्टल स्टोरमा एकपटकमा पच्चीस जना भन्दा बढी मानिस जम्मा नहुने, दुई व्यक्तिबीचको दूरी दुई मिटर कायम गर्न, मास्क अनिवार्यरुपमा पालना गर्नुपर्ने सूचनामा उल्लेख छ। प्रशासकीय अधिकृत खेमराज पौडेलद्वारा हस्ताक्षर गरिएको सूचनामा मेला, महोत्सव, जात्रा, विवाह न्वारन, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान मलामीलगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा पच्चीस जनाभन्दा बढी नहुन र जनस्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गरिएको छ। विवाह व्रतबन्ध गर्दा पार्टी प्यालेस प्रयोग गर्नुपरेमा मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीसँग पूर्वस्वीकृति लिनसमेत अनुरोध गरिएको छ।

सार्वजनिक यातायातका सवारी साधनमा सञ्चालन गर्दा सिट क्षमताभन्दा बढी यात्रु नराख्न, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनमा नियमित स्यानिटाइजरको व्यवस्था गर्नसमेत सूचनामा अनुरोध गरिएको छ । कार्यालय र पसलजस्ता सार्वजनिकस्थलमा स्यानिटाइजर र मास्कको अनिवार्य प्रयोग गर्न, सार्वजनिक तथा निजी सेवा प्रदायकले विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्न, होटल तथा रेष्टुराँ बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म मात्र सञ्चालन गर्न प्रशासनद्वारा जारी सूचनामा उल्लेख छ। नियमको उल्लङ्घन गरेमा सङ्क्रमण रोग ऐन २०२० बमोजिम कारवाही तथा सजाय हुने सूचनामा जनाइएको छ।